# एशियन लाईफ इन्स्योरेन्सबाट जीवन बीमालेख खरिद गर्ने प्रकृया
# (Life Insurance Policy Purchase Procedures)

१) जीवन बीमा गर्नुअघि तपाईले हाम्रो अभिकर्ता वा नजिकको शाखा,उपशाखा कार्यालयबाट जीवन बीमा सम्बन्धमा परामर्श लिनुपर्छ । परामर्श लिई सकेपछि आफूलाई उपयुक्त हुने जीवन बीमालेखबारे निर्णय लिनुहोस् ।

You can receive financial advice on life insurance policy from our nearest branch,sub branch office or our insurance agents.It will help you choose best suited life insurance policy for you.

२) कुन बीमालेख खरिद गर्ने हो सोको चयन गरि सकेपछि हाम्रो अभिकर्ता वा शाखा कार्यालयबाट प्राप्त हुने ग्राहक(बीमित) पहिचान फारम(केवाइसी) भर्नुहोस् ।

Once you decide the Plan, you need to fill up and submit the applicant identification form –KYC form. The KYC form can be obtained from our Authorized Agency or Branch Offices.

३) केवाइसी फारमको आधारमा एशियन लाईफको सफ्टवेयरबाट तपाईको व्यक्तिगत बीमित पहिचान नम्बर प्रदान गरिनेछ ।

Once the KYC form is verified and your personal information is updated in our database, you will be provided a Personal KYC ID number.

४) केवाइसी नम्बर प्राप्त भएपछि बीमा चाहने व्यक्तिले बीमालेख प्रस्ताव फारम भर्नुपर्छ । प्रस्ताव फारम भरेपछि सम्बन्धित अभिकर्ताले अभिकर्ताको राय सम्बन्धि फारम भरेर बीमितको प्रस्ताव फारम सहित शाखा, उपशाखामा दर्ता गर्नुहोस् ।

Obtaining personal KYC ID enables you to fill up and submit the life insurance Proposal Form. The form can received from our offices, agencies or can be downloaded from our website.

५) प्रस्ताव फारममा उल्लेखित विवरणको आधारमा जोखिमको प्रारम्भिक मूल्याङ्कन गरेर स्वास्थ्य परिक्षण प्रतिवेदन आवश्यक पर्ने भए स्वास्थ्य परिक्षणका लागि तोकिएको स्वास्थ्य संस्था वा प्रयोगशालामा जान सुझाव दिइनेछ ।

Based on the details and evidence mentioned along with the Proposal Form, underwriting process will be done. Proposer who require medical test will be asked to get medical test from the referred medical test center and medical practitioner.

क) स्वास्थ्य परिक्षण प्रतिवेदन आवश्यक नपर्ने बीमितको हकमा जोखिमाङ्कन(अण्डरराइटिङ्ग) को प्रकृया सम्पन्न गरिन्छ ।

a) For a non-medical underwriting limit, the underwriting will be completed once the provided details and evidence meets our underwriting requirement.

ख) स्वास्थ्य परिक्षण प्रतिवेदन आवश्यक पर्ने बीमितको हकमा स्वास्थ्य परिक्षण रिपोर्ट र सोबारे चिकित्सकीय परामर्शको आधारमा बीमा गर्ने वा नगर्ने निर्णय गरिन्छ ।

b) For a medical underwriting limit, the underwriting will be completed only after the review of medical test report and consultation with the medical practitioner.

ग) ठूलो बीमाङ्कको हकमा पुनर्बीमकबाट समर्थन प्राप्त गर्नका लागि पुनर्बीमक समक्ष अण्डरराइटिङ्ग फारम, स्वास्थ्य परिक्षण प्रतिवेदन र चिकित्सकीय राय समेत जानकारी गराइन्छ । पुनर्बीमकबाट जोखिम स्वीकार्ने सहमति प्राप्त भएपछि मात्र बीमाको बाँकी प्रकृया अघि बढाइन्छ।

c) For a large sum assured, acceptance from the Reinsurer is mandatory. The underwritng will be accomplished only after the acceptance by the Reinsurer.

घ) पुनर्बीमकबाट स्वीकृति प्राप्त नभएको हकमा बीमा प्रस्ताव रद्द गर्ने वा थोरै बीमाङ्कको लागि बीमा प्रस्ताव फारम भर्न प्रस्तावकलाई अनुरोध गरिन्छ ।

d) For the case of denial from the Reinsurer, the proposal will be rejected. The proposer may be suggested submit a new proposal with lesser amount of Sum-Assured which may not need medical testing or adequate source of income.

६) बीमा प्रस्ताव स्वीकार्ने निर्णय भई सकेपछि बीमितलाई प्रथम बीमाशुल्कवापतको रकम जम्मा गर्न जानकारी गराइन्छ । एक लाख रुपैयाँभन्दा कम बीमाशुल्कको हकमा नगद पनि र एक लाख वा सोभन्दा बढी रकमको हकमा बैंकमार्फत्, चेकमार्फत्, डिजिटल भुक्तानीमार्फत् वा अनलाइन ट्रान्सफरमार्फत् बीमशुल्क भुक्तानी गर्न सकिन्छ ।

6) Once the underwriting is done, the proposer will be requested to pay insurance premiums. For insurance premiums of Rs. 1 lakh or above, the payment must be made through banking channel or a/c payee cheque.

७) बीमाशुल्क भुक्तानी प्राप्त गरेपछि बीमालेख जारी गरिन्छ। प्रथम बीमाशुल्क रसिदसँगै सक्कल बीमालेख बीमितलाई हस्तान्तरण गरिन्छ ।

7) Once the first insurance premiums is received, the policy contract document along with the first insurance premiums will be handed over to the policyholder or proposer.

८) बीमालेख प्राप्त गरिसकेपछि बीमितको रुपमा तपाईले बीमालेखमा उल्लेखित सेवा,शर्त, सुविधा र बीमाशुल्क भुक्तानीको तरिका र तालिकाबारे अभिकर्ता वा हाम्रो शाखा कर्मचारीसँग राम्ररी जानकारी लिनुहोस् ।

8) Once you receive the policy document, carefully read the terms and conditions, dates of premiums payment, date of risk commencement, date of maturity and other details. You can get the details from our employees or insurance agents.

९) बीमा दाबी गर्न, बीमालेख अन्तर्गतको सुविधा प्राप्त गर्न बीमालेख अत्यावश्यक हुने भएकाले यसलाई सुरक्षितरुपमा राख्नुहोस् ।

9) Policy document is an important document which is mandatory to receive any benefits and claims. So, you must keep it safe.

१०) तपाईले नविकरण बीमाशुल्क किस्ता भुक्तानी गर्नुपर्ने मितिमा बीमाशुल्क भुक्तानी गर्न सचेत रहनुपर्छ । बीमाशुलक भुक्तानीका लागि तपाईले नजिकको शाखा, उपशाखा वा मोबाइल बैंकिङ, डिजिटल वालेट,कनेक्ट आइपिएस, अनलाइन बैंकिङ वा हाम्रो बैंक खातामा जम्मा गरिदिन सक्नुहुन्छ । बीमाशुल्क भुक्तानी गर्नका लागि बीमितको जन्ममिति र बीमालेख नम्बर आवश्यक पर्छ ।

10) You must be aware about the date of renewal premiums payment. You can make the payment through our branch offices, mobile banking, digital banking, digital wallet or directly make deposit to our bank account. You may need the policyholder's number and date of birth for the renewal premiums payment.